
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १४२ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७९ जेठ २४ गते मंगलबार ❑ 7 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## विज्ञापन बजारलाई व्यवस्थित गर्नु जरुरी छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले हालको विज्ञापन बजारलाई व्यवस्थित गर्नु जरुरी रहेको बताउनुभएको छ।

विज्ञापन बोर्ड नेपालले सोमबार पोखरामा आयोजना गरेको विज्ञापन आचारसंहिता एवं विज्ञापन राष्ट्रिय नीतिसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री पोखरेलले विज्ञापनबिना सञ्चार क्षेत्र अघि बढ्न नसक्ने भएकाले आवश्यक कानुन बनाएर विज्ञापन बजारलाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो।



उहाँले भन्नुभयो, “राज्यको दायित्व सञ्चार जगतलाई टेवा दिने र सक्षम बनाउने हो, विज्ञापन भएन भने सञ्चार क्षेत्र राम्रोसँग अघि बढ्न सक्दैन । राज्य वा सरकारले सञ्चार माध्यमलाई कसरी सक्षम र सवलीकरण गर्ने भन्ने पाटो महत्वपूर्ण हो, आवश्यक कानुन बनाएर विज्ञापन बोर्डमार्फत व्यवस्थित गर्नु जरुरी छ।” मुख्यमन्त्री पोखरेलले प्रदेश सरकारले प्रदेशभित्रका सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराएर सोका माध्यमबाट हातेमालो गर्दै सहकार्यको प्रयत्न गरेको बताउनुभयो । सञ्चार, विज्ञापन क्षेत्र र विज्ञापन बोर्डका बीचमा त्रिकोणात्मक सम्बन्ध रहेको उहाँले उल्लेख गर्नुभयो।

प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थले गण्डकी प्रदेशमा विज्ञापन क्षेत्रको नियमनका लागि आवश्यक कानुन निर्माण गरिने बताउनुभयो । विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले सरकार विज्ञापनदाता र नियमनकारी दुवै निकाय रहेको बताउँदै संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारले विज्ञापन कानुन बनाउन सक्ने व्यवस्था गरेको उल्लेख गर्नुभयो । उहाँले स्थानीयस्तरको विज्ञापन स्थानीय सञ्चार माध्यममा नै प्रकाशन/प्रसारणको व्यवस्था सरकारी निकायलाई आग्रहसमेत गर्नुभयो । कार्यक्रममा विज्ञापन नियमन गर्ने ऐन, विज्ञापन आचारसंहिता, होर्डिङ बोर्ड र त्यसको नियमन तथा अनुगमन र विज्ञापनको राष्ट्रिय नीतिमा समावेश गरिनुपर्ने विषयलगायतबारे छलफल भएको थियो। कार्यक्रममा प्रदेश र विभिन्न स्थानीय सरकारका प्रतिनिधि, विज्ञापन व्यवसायी, उद्योगी तथा सञ्चारकर्मी सहभागी थिए।

## आइतबार सार्वजनिक बिदा खारेज

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

सरकारले आइतबार पनि दिँदै आएको साप्ताहिक विदा हटाएको छ।

सोमबार बसेको मन्त्रिपरिषद बैठकले असार १ देखि आइतबार साप्ताहिक विदा नदिने निर्णय गरेको अर्थमन्त्री जनार्दन शर्माले जानकारी दिए।

अब असार १ देखि शनिबार मात्र सार्वजनिक विदा हुने भएको छ । गत वैशाख २६ गते बसेको मन्त्रिरिषद बैठकले पेट्रोलियम पदार्थको खपत कम गर्न भन्दै परीक्षणका रुपमा जेठ १ देखि शनिबार र आइतबार दुई दिन सार्वजनिक विदा दिँदै आएको थियो । तर सेवा प्रवाहमा समस्या देखिएको भन्दै सरकारको उक्त निर्णयको आलोचना भइरहेको थियो।

सुरुमा तीन महिनाका लागि परीक्षणका रुपमा आइतबार सार्वजनिक बिदा दिने निर्णय भए पनि सरकारी निर्णय एक महिना पनि टिक्न सकेन। सार्वजनिक सेवा प्रवाहमा आइतबारे बिदाले समस्या निम्त्याएको र अपेक्षा गरेअनुसार पेट्रोलियम पदार्थको खपतमा कमी ल्याउन नसकेको देखिएपछि बिदा फिर्ता लिइएको हो।

आइतबार सार्वजनिक बिदा खारेज भएसँगै कार्यालय समय पनि साविककै बिहान १० देखि साँझ ५ बजेसम्म कायम हुने छ । आइतबार बिदा दिने प्रयोजनका लागि बिहान साढे ९ बजेदेखि बेलुकी साढे ५ बजेसम्म कार्यालय समय तय गरिएको थियो।

## पोखरा विश्वविद्यालय र नाष्टबीच समझदारीपत्रमा हस्ताक्षर

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

पोखरा विश्वविद्यालय र नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नाष्ट) बीच विज्ञान तथा प्रविधिको अध्ययन अनुसन्धानात्मक तथा शैक्षिक क्षेत्रका विधामा एकापसमा सहयोग आदान प्रदान गर्ने उद्देश्यका साथ सझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारी पत्रमा पोखरा विश्वविद्यालयको तर्फबाट उपकुलपति प्रा डा प्रेमनारायण अर्याल र नाष्टको तर्फबाट उपकुलपति डा सुनिलबाबु श्रेष्ठले हस्ताक्षर गर्नुभयो।

दुवै संस्थाबीच वैज्ञानिक तथा प्राविधिक जनशक्ति, सीप र भौतिक सुविधाको यथोचित सदुपयोगमा सहयोग आदानप्रदान हुने र समसामयिक विषयमा कार्यशाला गोष्ठी, तालिम, सेमिनार, अनुसन्धान परियोजना सञ्चालन गरिने समझदारीपत्रमा उल्लेख छ।

त्यस्तै विज्ञान तथा प्रविधिको विभिन्न क्षेत्रमा विश्वविद्यालयको स्नातकोत्तर तह एवं विद्यावारिधिस्तरका शोध निर्देशनकार्यमाआपसीस्वीकृतिमा नाष्टका उपलब्ध प्राज्ञ तथा वरिष्ठ वैज्ञानिकको पनि संलग्नता गराइनेछ। समझदारी पत्रले दुवै संस्थालाई संयुक्तरूपमा विज्ञान तथा प्रविधि उन्नयन, जैविक विविधता, पर्यावरण, दिगो सहरी विकाससम्बन्धी अध्ययन अनुसन्धानका लागि सहकार्य गरी अघि बढ्न बाटोसमेत खोल्ने विश्वास दिइएको छ।

## आगामी असार १ देखि मतदाता नामावली सङ्कलन

**रासस**
**काठमाडौं, २३ जेठ**

निर्वाचन आयोगले आगामी असार १ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने भएको छ।

आयोगले आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई दृष्टिगत गरी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने निर्णय गरेको हो। स्थानीय तह निर्वाचन, २०७९ को मिति घोषणा भएपश्चात् गत माघ २५ गतेदेखि नामावली सङ्कलन तथा अद्यावधिक स्थगित भएको थियो । नागरिकता लिएका र मतदाता नामावली ऐन, २०७३ बमोजिम योग्यता पुगी नाम दर्ता गर्न छुट भएका सबै नेपाली नागरिकले प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा गई आ-आफ्नो नाम दर्ता गराउन सक्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । कार्यक्रमअन्तर्गत नाम दर्ता गर्न, विवरणमा रहेको त्रुटि सच्याउन, मतदाता नामावलीबाट नाम हटाउन, ठेगाना परिर्वतन गर्न, मतदानस्थल परिवर्तन गर्न, दोहोरो परेको नाम हटाउन सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ। यसैगरी आयोगबाट वितरण भएको मतदाता परिचयपत्र भएको तर कुनै कारणले मतदाता नामावलीमा नाम नरहेको व्यक्तिहरूले समेत मतदाता नामावलीमा नाम दर्ता गराउन सक्नेछन् । पेसा, व्यवसायको कारणले कुनै एक जिल्लामा बसोबास गरिरहेको तर आफ्नो स्थायी ठेगाना अर्को जिल्लामा रहेको भए त्यस्तो व्यक्तिले नाम दर्ताका लागि आवश्यक प्रमाणसहित आफू रहेको जिल्लाको निर्वाचन कार्यालयमा निवेदन दिएमा त्यस्तो व्यक्तिको नाम निजको स्थायी ठेगानामा रहने गरी बाहिरी जिल्ला मतदाता दर्ता हुने आयोगले जनाएको छ।

आगामी निर्वाचनमा कोही पनि नछुट्ने गरी आफ्नो नाम दर्ता गर्न तथा विवरण अद्यावधिक गर्न आयोगले सबैमा आग्रह गरेको छ। मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रमलाई सहयोग गरिदिन आयोगले सबै राजनीतिक दल तथा सरोकारवालालाई अपिल गरेको छ।

## वायु सेवा निगमका महाप्रबन्धक पौडेल बर्खास्त

**रासस**
**काठमाडौं २३ जेठ**

सरकारले नेपाल वायु सेवा निगमका महाप्रबन्धक डिमप्रसाद पौडेललाई बर्खास्त गरेको छ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले पौडेललाई बर्खास्त गरेको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ। निगमको हित विपरीत काम गरेको उल्लेख गर्दै मन्त्रालयले महाप्रबन्धक पौडेललाई मन्त्रालयमा तानेको थियो । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले पौडेलले निगमको हित विपरीतमा काम गरे भन्दै बर्खास्तका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजानुभएको थियो। केपी शर्मा ओली नेतृत्वको सरकारले पौडेललाई चार वर्षका लागि निगमको महाप्रबन्धकमा नियुक्त गरेको थियो।

## ललितकला पुरस्कार गुरुङलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

पोखरेली युवा सांस्कृतिक परिवारले कलामा क्रियाशील स्रष्टालाई प्रत्येक दुई वर्षमा प्रदान गर्ने ललितकला पुरस्कार, २०७८ बाट कलाकार आलोक गुरुङलाई पुरस्कृत गर्ने भएको छ।

वरिष्ठ कलाकार दुर्गा बराललले आफूले पाएको पुरस्कारमा रकम थपेर अक्षयकोष स्थापना गरी उक्त पुरस्कार सञ्चालनमा ल्याइएको छ।

पुरस्कार पाउनुहुने कलाकार गुरुङ तनहुँ अरुबोटमा जन्मेर पोखरामा क्रियाशील चित्रकला, मुहार चित्र र प्रतिस्थापन कलामा अब्बल कलाकार मानिनुहुन्छ । कला मनोरञ्जन र सौन्दर्य मात्रै नभएर चेतनाको उज्यालो हो’ भन्ने गुरुङले हजारभन्दा बढी मुहारचित्र बनाउनुका साथै अन्य सिर्जना गरिसक्नुभएको छ।

एकल चित्रकला प्रदर्शनी २०१३ दमौली, २०१४ मा पोखरामा, दुई व्यक्ति (दुर्गा बराल-गोपाल श्रेष्ठ) चित्रकला प्रदर्शनी २०३१ बागलुङ, समूह त्रिचकला प्रदर्शनी तथा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पृथ्वी राजमार्ग बिस्तारको क्रममा खानेपानी आयोजनाहरुलाई हुने क्षतिको विषयमा छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

पृथ्वी राजमार्गको मुग्लीन देखी पोखरा सडक खण्ड विस्तारको क्रममा हुने विभिन्न खानेपानी आयोजनाहरुलाई पुग्ने क्षतिको विषयमा सोमबार छलफल कार्यक्रम सम्पन्न भएको छ।

लेखनाथ खानेपानी उपभोक्ता संस्थाको पहलमा तनहुँको खैरेनीटारदेखि लेखनाथ भित्र रहेका विभिन्न खानेपानी उपभोक्ता संस्थाहरु विच आयोजना गरिएको छलफल कार्यक्रमका वक्ताहरुले आयोजनाको कारणले हुने क्षतिको जिम्मेवार स्वयं आयोजना हुनुपर्नेमा जोड दिएका छन । कार्यक्रममा बोल्दै लेखनाथ खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्माले सडकको विषयमा बेला बेला परिवर्तन हुने गरेका सरकारी मापदण्डहरुका कारण खानेपानी क्षेत्र विगतदेखी नै प्रभावित हुँदै आईरहेकोमा यसपाली पनि पृथ्वी राजमार्ग सडक विस्तारका कारण हुने करोडौंको क्षति उपभोक्ता संस्थाहरुले व्योर्हन नसक्ने र यसबाट उपभोक्ताहरु आन्दोलीत भएको खण्डमा त्यसलाई आफुहरुले थेग्न नसक्ने पनि वताएका छन।

सोही अवसरमा अध्यक्ष शर्माले आयोजना संचालन हुदा लेखनाथ खानेपानी उपभोक्ता सस्थाको विजयपुर देखि कोत्रे खण्डको करिव १३ किलोमिटर क्षेत्र भित्रको पाईप लाईन मर्मत गर्दा सस्थाको करिव सात करोड ३६ लाखको क्षेती हुने अनुमान गरिएको बताएका थिए।

कार्यक्रममा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रमुख नारायण प्रसाद काफ्लेले आयोजनाको कारणले हुन सक्ने क्षतिको यर्थाथ लागत अनुमान गरी आयोजना समक्ष प्रस्तुत गर्न आग्रह गर्दै उपभोक्ताहरुको हितलाई ध्यानमा राखी सामुहिक रुपमा समस्याको समाधान गर्ने वताएका छन।

यस्तै खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्गजाका प्रमुख हरि तिमिल्सिनाले विगतका विभिन्न नजिरहरुलाई हेर्दा आयोजनाका कारणले हुने क्षतिलाई आयोजनाकै लागतमा राखेर सम्पन्न गर्ने गरीएको वताउँदै सोही अनुसार अगाडी वढ्नुपर्ने वताएका थिए। कार्यक्रममा सडक विभाग आयोजना प्रमुख अमृत कुमार श्रेष्ठले एशियाली विकास बैकको वित्तिय सहयोगमा सम्पन्न हुने आयोजना अन्तरगत वाटोको दायाका रहेका संरचनाको पुर्ननिर्माणका लागि ४६ करोड ७७ लाख बजेट छुट्एको बताउदै खानेपानी आयोजनाहरुको क्षेतीको यथार्थ विवरण उपलब्ध गराउन आग्रह गरेका थिए । कार्यक्रममा राष्ट्रिय खानेपानी उपभोक्ता महासंघका महासचिव रामचन्द्र उपाध्याय, लेखनाथ खानेपानी उपभोक्ता संस्थाका निवर्तमान अध्यक्ष विष्णु प्रसाद बराल, विजयपुर खानेपानीका बुद्धि प्रसाद भण्डारी, भुपु सैनीक खानेपानीका मोहन ब. थापा, गगनगौंडा खानेपानीका राजु खत्री, बेलचौतारा खानेपानीका जमुना पौडेल, दुलेगौंडा खानेपानीका राजुराम श्रेष्ठ लगायतले बोलेका थिए।

संस्थाका अध्यक्ष मुरारी शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन सचिव नारायणी भट्टराईले गरेकी थिईन भने धन्यवाद ज्ञापन उपाध्यक्ष पुष्पकमल ढुंगानाले गरेका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## ललितकला...

सामूहिक कलाकार्यशालाअन्तर्गत हङकङ, भारत, सिक्किम, कोरिया तथा नेपालका थुप्रै ठाउँमा उहाँले आफ्नो कला प्रदर्शनी गरिसक्नुभएको छ। उहाँले सिर्जना फाइन आर्ट कलेज र ललितकला क्याम्पसमा समेत आफ्नो कला देखाइसक्नुभएको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित गुरुङलाई नेपाली कलाको विभिन्न विधाको उन्नयनमा पुऱ्याएको योगदानको कदर गर्दै ललितकला पुरस्कार, २०७८ प्रदान गर्न लागिएको प्रतिभा छनौट समितिका संयोजक वरिष्ठ कलाकार दुर्गा बरालले जानकारी दिनुभयो ।

ललितकला पुरस्कारबाट पोखराका पहिलो कलाकार कृष्णप्रसाद श्रेष्ठ, गोपाल श्रेष्ठ, क्षेत्रलाल कायस्थ, बुद्धि गुरुङ, हरेराम जोजिजु, यादवचन्द्र भूर्तेल, सरोजा खड्की, मुकेश मल्ल, लोकप्रसाद गुरुङ र राजन काफ्ले पुरस्कृत भइसक्नुभएको छ। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति सरुभक्तको प्रमुख आतिथ्यतामा आगामी असार ४ गते शनिबार नगद, ताम्रपत्र र दोसल्लासहित पोखरामा पुरस्कार प्रदान गरिने परिवारका अध्यक्ष मोती भुजेलले जानकारी दिनुभयो ।

# आर्वाको आर्शीवाद क्लवमा नि:शुल्क आँखा परिक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**



पोखरा महानगरपीलका वडा न १३ आर्वा स्थित आर्शिवाद क्लब अफ नेपालको आयोजनामा निःशुल्क आँखा परिक्षण तथा रगत समूह परिक्षण शनिवार सम्पन्न भयो ।

सो कार्यक्रम रतनपाण्डे मा.बि मा भएको थियो। कार्यक्रममा चार सय ५५ जनाको आँखा परिक्षण सँगै एक सय ७४ जनालाइ निःशुल्क चस्मा वितरण गरिएको थियो । परिक्षण कार्यक्रममा आँखाको बिरामीहरूलाई निःशुल्क औषधी पनि वितरण गरियो । यसै गरी क्लवले तीन सय ५३ जनाको निःशुल्क रगत समूह परिक्षण पनि गरिएको क्लवका ईन्चार्ज बिक्रम बराललले बताए । कार्यक्रममा आँखा परिक्षणको लागि हिमालयन आँखा हस्पिटल पोखरा -१७ ले र रगत समूह परिक्षणमा बिनायक मेडिको फार्म पोखरा -१३ काहुँखोलाले सहयोग गरेको कार्यक्रम संयोजक द्धय उज्जल वरालले, सत्यदीप सन्देशलाई बताए । कार्यक्रमको आर्थिक पाटो भने क्लबको भजन टोलिबाट जुटेको क्लवका संस्कृति विभागका प्रमुख अर्जुन वरालले बताए ।

जनहितका लागि आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने क्लवका अध्यक्ष अजय वरालले बताए ।

# पोखरामा गुरुङ मातृभाषा प्रशिक्षण कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**



गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा पोखराको दीपमा गुरुङ मातृभाषा प्रशिक्षण कार्यक्रम सुरु भएको छ।

तमु प्ये ल्हु संघ केन्द्रीय समितिको सहकार्यमा आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका उर्जा, जलश्रोत तथा खानेपानीमन्त्री हरीशरण आचार्यले गर्नुभयो । उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री आचार्यले आफ्नो मातृभाषाको महत्व ठुलो हुने भएकोले सबै मिलेर मातृभाषालाई जोगाउनुपर्ने बताउनुभयो। गण्डकी प्रज्ञा प्रतिष्ठानले अभियानकै रुपमा मातृभाषालाई संरक्षण गर्न गण्डकी प्रदेशका विभिन्न ठाउँमा प्रशिक्षण कार्यक्रमको आयोजना गरेको भन्दै खुशी व्यक्त गर्नुभयो । यस्ता कार्यक्रमले मातृभाषा संरक्षणमा सकारात्मक सहयोग पुग्ने उहाँको विश्वास थियो । तमु प्ये ल्हु संघ केन्द्रीय समितिका अध्यक्ष हितकाजी गुरुङको अध्यक्षतामा आयोजित कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ, सदस्य सचिव मनकुमार श्रेष्ठ, प्राज्ञ कृष्ण प्रसाद पौडेल, तमु प्ये ल्हु संघ कास्कीका अध्यक्ष निम बहादुर गुरुङ, ओम बहादुर गुरुङ, हर्क गुरुङ लगायतले मातृभाषा प्रशिक्षण कार्यक्रमको आवश्यकताको बारेमा बोल्नुभएको थियो । कुल २७ जना प्रशिक्षार्थीको सहभागीता रहेको प्रशिक्षण कार्यक्रमको सहजिकरण ओम बहादुर गुरुङले गर्नुहुनेछ । क्होलादीप तमु समाज भवनमा आयोजित प्रशिक्षण कार्यक्रम एक महिना सम्म चल्नेछ । गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोगमा स्थापित जाती विस्तापित भाषा नाम दिएर प्रशिक्षण कार्यक्रम आयोजना निरन्तर भईरहेको छ । जस अनुसार तामाङ, दुरा र नेवारी भाषाको प्रशिक्षण कार्यक्रम सम्पन्न भइसकेको छ। आगामी आर्थिक वर्षमा समेत मातृभाषा प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने योजना बनाएको गण्डकी प्रज्ञा प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानले आगामी असार १० गतेदेखि १२ गतेसम्म 'प्रज्ञा उत्सव' नामक बृहत कार्यक्रम आयोजना गर्ने तयारी समेत गरेको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जनाउनुभयो।

# व्यासका दुई वडा जोड्ने झोलुङ्गो पुल बन्ने

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ जेठ**

व्यास नगरपालिका-१० को परेवा डाँडा र व्यास नगरपालिका-५ को चिन्तुटार जोड्ने मादी नदीमा २८२ मिटर लामो झोलुङ्गे पुल निर्माण कार्य अघि बढाइएको छ।

व्यास नगरपालिका वडा नं १० स्थित परेवा डाँडा नजिक मिदिम हाइड्रोको ३३ केभी प्रसारण लाइनका तारका कारण पुलको टावर ठड्याउन बाधा भएकाले विद्युत् खम्बालाई वैकल्पिक रुटमा सारेर पुल निर्माण कार्य अघि बढाउन लागिएको हो। प्रमुख जिल्ला अधिकारी, पूर्वाधार कार्यालय, विद्युत् प्राधिकरण, मिदिम हाइड्रो आयोजना, स्थानीय जनप्रतिनिधिले पटकपटक बसेर छलफल गर्दै आए पनि सहमति जुट्न नसकेकामा आइतबार बसेको स्थानीय भेलाले पुल निर्माण गर्ने सहमति भएको हो । विद्युत खम्बाका लागि पहिला खनेको डोबभन्दा करिब तीन मिटर तल खम्बा गाड्दा दुवै पक्षलाई असर नपर्ने गरी पुल निर्माणका लागि सहमति जुटेको व्यास-१० का निवर्तमान वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो। पुलको टावर ठडाएपछि करिब १५ दिनभित्र लठ्ठा तान्नेलगायतका कार्य अघि बढ्छ । उहाँले भन्नुभयो, "उक्त स्थानमा पुल बनेपछि स्थानीयवासीले घुमाउरो र लामो दुरी हिँड्नुपर्ने बाध्यताकोसमेत अन्त्य हुन्छ ।" विसं २०७३ मा फिल्ड सर्भे गरेर टेण्डर निकाले पनि इष्टिमेसनमा १५२ मिटरको मात्रै पुल भएकाले पुनः बोलपत्र आह्वान गर्नुपर्दा निर्माण कार्यमा ढिलाइ हुन गएको सापकोटाले जानकारी दिनुभयो । पुल निर्माण भई प्रयोगमा ल्याइसक्ने अवस्थामा विद्युत लाइनका कारण पुल निर्माण कार्य प्रभावित भएको उहाँले बताउनुभयो।

गण्डकी प्रदेश सरकारको रु ७० लाख आर्थिक सहयोगमा पूर्वाधार कार्यालयले अनुगमन गर्नेगरी सङ्घीय सरकारले बोलपत्र आह्वान गरेको थियो । हाइड्रोको ३३ केभी प्रसारण लाइन शक्तिशाली लाइन भएकाले पुलको काम गर्न उच्च जोखिम रहेका कारण जमिनमूनिबाट विद्युत् लाइन लैजान खोजे पनि बढी खर्चिलो हुने देखिएपछि चार वटा विद्युत् खम्बा सार्ने सहमति भएको हो।

# अनुकरणीय बन्दै सिलिङ्गे महिला चेतना समूह

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

सामाजिक भावनामा ह्रास आइरहेको वर्तमान समाजमा यहाँको एक महिला समूह भने सामाजिक काममा देखाएको सक्रियता अरुका लागि पनि अनुकरणीय बनेको छ।

'एकले थुकी सुकी, सयले थुकी नदी' भन्ने नेपाली समाजमा परापूर्वकालदेखि चलिआएको उखानलाईपोखरामहानगरपालिका-३३ भरतपोखरीको बरमा क्रियाशील सिलिङ्गे महिला चेतना समूहले चरितार्थ पारिदिएको छ।

समूहको सक्रियतासँगै उसले देखाएको पारदर्शीताका कारण एकपछि अर्को काममा योजना सम्पन्न गर्न स्थानीयसँगै आसपासका गाउँ तथा विभिन्न व्यक्तिबाट आर्थिक सहयोग जुट्ने गरेको छ । सामाजिक जागरणसँगै प्राचीन सम्पदाको संरक्षणमा जोड दिएको समूहले पछिल्ला समयमा झण्डै दुई सयभन्दा बढी वर्ष पुराना मनियलडाँडाको चौतारो, हुडिकोटको चौतारो निर्माण गरिसकेको छ भने सिलिङ्गे चौतारो निर्माणको क्रममा छ।

समूहकै सक्रियतामा मल्लकालीन समयदेखि अस्तित्वमा रहेको हुडिकोट देउराली मन्दिर निर्माण गरिएको छ भने मल्लकालीन कोटभैरव मन्दिर, हुडिकोटलगायतका स्थानमा समय समयमा सरसफाइकार्यलाई पनि निरन्तरता दिइएको सस्थाको सचिव सीता केसी महतले जानकारी दिनुभयो । समूहले हुडिकोट देउरालीमा वार्षिकरुपमा पूजासमेत गर्दै आएको छ।

"स्थानीयको साथ र सहयोगमा समूहले विभिन्न योजनालाई सम्पन्न गर्दै आएको छ", उहाँले भन्नुभयो, "विकास निर्माणसँगै सम्पदा संरक्षणमा स्थानीयले गरेको सहयोगका कारण हामीलाई थप हौसला मिलेको छ ।" समूहको सक्रियतामा दुई सय वर्ष पुरानो मनियलडाँडा नमूना चौतारो पुनःनिर्माण गर्दा स्थानीयवासीले रु १० हजार बराबरको जनश्रमदानसँगै रु ८० हजार ५७५ आर्थिक सहयोग गरेको समूहका अध्यक्ष कर्णकुमारी महतले जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त चौतारो पुनःनिर्माणका लागि आर्थिक वर्ष २०७७/७८ बाट पोखरा महानगरपालिका-३३ को वडास्तरीय विकास बजेटअन्तर्गत रु एक लाख प्राप्त भएको थियो। कूल रु एक लाख ९० हजार ५७५ को लगातमा पुनःनिर्मित चौताराले इतिहासको संरक्षण गरेको बताउने स्थानीय यसले यस स्थानको गरिमा र महत्व अझै बढाएको बताउँछन्। समूहकै सक्रियतामा स्थानीय सहयोगबाट रु एक लाख ५५ हजार ५५५ को लागतमा हुडिकोटको चौतारा पुनःनिर्माण गरिएको अध्यक्ष महतले बताउनुभयो । त्यस्तै समूहले मनियलडाँडा-हुडिकोट सडकअन्तर्गत १०० मिटर नाला र ७० मिटर ग्राबेल गर्ने काम गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट आव २०७८/७९ मा विनियोजित दुई लाख र जनसहभागिता रु ३० हजार र श्रमदान रु १५ हजार गरी रु दुई लाख ४५ हजारमा उक्त योजना सम्पन्न गरिएको उहाँले जानकारी दिनुभयो । समूहकै सक्रियतामा बर माझथरकै ठाडाबारीमा रु ५० हजारको लागतमा प्रतिक्षालय निर्माण गरिएको छ।

समूहले सिलिङ्गे चौतारी निर्माणका लागि पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट आव २०७८/७९ का लागि विनियोजित रु एक लाख ५० हजारको सहयोगसँगै कूल रु दुई लाख २५ हजार लागत अनुमान गरिएको योजनालाई अघि बढाइरहेको र निर्माणकार्य अन्तिम चरणमा पुगेको अध्यक्ष महतले जानकारी दिनुभयो।

यसैगरी चौताराकै नामबाट प्राचीनकालदेखि सिलिङ्गे भन्ने गरिएको उक्त स्थानमा प्राचीनकालमा सिलिङ्गेको बोट सहितको चौतारा रहेको र उक्त चौतारा मासिएपछि समूहले पुनःनिर्माण गर्न लागेको हो।

"चौताराको निर्माण कार्यमा मन्त्रालयको सहयोगसँगै स्थानीय सहभागिता एवं चन्दा सहयोग आइरहेका कारण लगभग अन्तिम चरणमा पुगेको छ", अध्यक्ष महतले भन्नुभयो, "चौतारामा सिलिङ्गेको बिरुवा नै लगाउने सोच राखिए पनि हालसम्म कहीँकतैबाट बिरुवा भने उपलब्ध हुन सकेको छैन।"

सिलिङ्गेको बिरुवा धेरै ठाउँ तथा नर्सरीमा खोजे पनि कहीँकतैबाट उपलब्ध हुन नसकेको र कोही कसैबाट प्राप्त भएमा त्यो आफूहरूका लागि ठूलो सहयोग हुने बताउँदै उहाँले त्यसका लागि सम्बद्ध सबैसँग आह्वान गर्नुभएको छ।

# मनखुशी फाउण्डेशन कास्कीको अध्यक्षमा गुरुङ र सचिवमा त्रिपाठी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**





मनखुशी फाउण्डेशन कास्कीको प्रथम भेलाले कृष्णकुमारी गुरुङलाइ अध्यक्षमा चयन गरेको छ।

हालै भएको भेलाले फाउण्डेशनको उपाध्यक्षमा सरस्वती सिग्देल, सचिवमा रेखा गुरुङ(त्रिपाठी), कोषाध्यक्षमा नन्दमाया सुवेदी पौडेल चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश राधा गुरुङ, सगिता विक र पूर्णकुमारी गुरुङ रहेका छन् । नेपाल तामाङ घेदुङ संघीयका अध्यक्ष दिपक तामाङले भेलाको उद्घाटन गर्दै सकारात्मक सोच लिएर अगाडि बढेमा हरेक कार्य सफल हुने भने । नेकपा एमाले कास्कीका उपसचिव दर्शन लामाले दिदी वहिनीको क्षमता विकासको लागि सदैव सहयोग गर्ने वताए।

गण्डकी प्रदेशका अध्यक्ष काशी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा जय भूपू सुनचाँदी पसलका महेन्द्रपुलका प्रोपाइटर कमल सुनार, समाजसेवी नारायण प्रसाद वराल लगायत वोलेको कार्यक्रममा गण्डकी प्रदेशका सदस्य लक्ष्मी लामाले धन्यवाद र गण्डकी प्रदेशका सचिव कुलमाया पौडेलले संचालन गरेकि थिइन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

**सम्पादकीय**

# नेकपा एसको भाँडभैलो

नेकपा एकीकृत समाजवादी (एस) ले आफ्नो पार्टीबाट सहभागी भएका मन्त्री फेर्ने गरेको प्रस्ताव प्रधानमन्त्री शेर बहादुर देउवाले रोकिदिएका छन । नेकपा एसले मन्त्री फेर्ने निर्णयको मन्त्रीहरूले असहमति जनाएर गठबन्धनका नेता गुहारेपछि प्रधानमन्त्री शेरबहादुर देउवाले नै त्यसलाई अस्वीकार गरिदिएका छन् । देउवाले मन्त्री फेर्ने निर्णय नमानेपछि नेकपा एसमा विवाद चुलिएको छ । बजेटको विषयमा संसद्मा छलफल चल्दै गर्दा सम्बन्धित मन्त्रीलाई परिवर्तन गर्नु उचित नहुने भन्दै नेकपा एसका मन्त्रीहरुले प्रधानमन्त्री देउवासँग आग्रह गरेका थिए । यस्तै उनीहरुले आइतबार नै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई पनि भेटेर आफ्ना अध्यक्ष माधव नेपाललाई सम्झाइदिन दबाब दिएका थिए ।

त्यसपछि सोमबार बिहान यस विषयमा छलफल गर्न शीर्ष नेताको बैठक बोलाएका थिए । बैठकमा अहिले मन्त्री फेर्दा अन्य दलमा पनि फेरबदलको दबाब बढ्ने र त्यसले सत्ता गठबन्धनको निरन्तरतामै समस्या उत्पन्न हुनसक्ने जोखिमबारे समीक्षा भएको थियो । त्यसको असर बजेट पारित गर्ने कार्यमै पर्न सक्ने देखिएपछि तत्कालका लागि मन्त्रिपरिषद् पुनर्गठन नगर्ने निष्कर्षमा प्रधानमन्त्री पुगेका छन । आइतबार बिहान प्रधानमन्त्री देउवा र नेकपा एसका अध्यक्ष नेपालबीच कुराकानी भएको थियो । उक्त कुराकानीमा नेपालको आग्रहमा प्रधानमन्त्रीले सकारात्मक संकेत दिएका थिए । त्यसपछि नेपालले पार्टीको सचिवालय बैठकबाट बहालवाला मन्त्री फिर्ता बोलाई नयाँ पठाउने निर्णय गरेका थिए । त्यसका लागि चारजनाको नाम र मन्त्रालय समेत तोकेर प्रधानमन्त्रीलाई जानकारी गराएका थिए । मन्त्री राख्ने वा हटाउने प्रधानमन्त्रीको अधिकार भएपनि गठबन्धन सरकार भएको हुँदा अरु पार्टीको निर्णय नमान्नु गठबन्धन तोड्नु हो । पार्टीको निर्णयमा मन्त्रीहरुले आपत्ति जनाउँन सक्छन् ।पार्टी भित्र प्रतिस्पर्धा हुन सक्छ । प्रधानमन्त्रीलाई निर्णय रोक्न दबाब दिनु एमालबाट विद्रोह गरेको मन्त्री खानका लागि रहेछ भन्नेमा छर्लङ्ग भएको छ ।

सत्तागठबन्धन र बजेटमा आउने संकट देखाएर देउवा तत्काल मन्त्री नबदल्ने निर्णय गरेका हुन भनेर त्यो उनका लागि भारी हुन सक्छ । कम्युनिस्ट पार्टीलाई मजबुत बनाउन एमालेबाट विद्रोह गरेकाहरुको अरण्य रोदन बजेटको विषयमा छलफल चल्दै गर्दा मन्त्री हेरफेर अन्तराष्ट्रिय प्रचलन समेतको विपरीत हुने तर्क छ । बजेट अधिवेशन चलिरहेको समयमा बजेट प्रस्तुत गरेको मन्त्री परिवर्तन कुरा अन्तर्राष्ट्रिय प्रचलनभन्दा बाहिरको विषय भन्दै जिम्मेवारी पार्टी र नेताले यस्तो निर्णय गर्दैन'भनेर मन्त्रीले नेतृत्वलाई दबाब दिएका छन। 'स्थायी कमिटी र पार्टीको सचिव भएका मन्त्रीसंग सल्लाह नगरीकन निर्णय लिनु बचकना हो ।

नेकपा एसको संसदीय दलभित्र हाल मन्त्री रहेका नेता र उनीहरु निकटको बाहुल्यता छ । त्यसैले मन्त्रीबाट हटाएको अवस्थामा पार्टी भित्रको सन्तुलनमै पनि खलबल हुने अवस्था छ । त्यसैले बालुवाटारमा सोमबार मन्त्री फेरबदल गर्ने निर्णय देउवाले कार्यान्वयन गर्न नमानेपछि अध्यक्ष नेपालले केही मन्त्रीहरुलाई बोलाएर छलफल गरेका छन् । छलफलमा अध्यक्ष नेपालले आफूले अन्यथा निर्णय नगरेको भन्दै काममा निरन्तरता दिन आग्रह गरेका छन । पार्टीको निर्णय कार्यान्वयन गर्न नसक्नु अध्यक्ष नेपालको लाचारी हो । सत्ताको लागि जे पनि गर्न तयार नेपालको चरित्रले गर्दा एमालेबाट विभाजन भएको ९ महिनामै पार्टी फुटाएर देउवालाई प्रधानमन्त्री बनाएको औचित्यहिन रहेको स्पष्ट भएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बड्ने |
| कर्कट | : मन चञ्चल | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# धार्मिक वन हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ जेठ**

म्याग्दीको मङ्गला गाउँपालिका-५ अर्मनको पीपलबोटमा धार्मिक वन समुदायलाई हस्तान्तरण गरिएको छ ।

सार्वजनिक जग्गाको संरक्षण र वन विकासमार्फत पर्यटन विकास गर्ने उद्देश्यले पीपलबोटको कैलाशफाँटमा धार्मिक वन स्थापना गरिएको हो । १.०६५ हेक्टर क्षेत्रफलमा फैलिएको वन आइतबार समुदायलाई हस्तान्तरण गरिएको डिभिजन वन कार्यालय, म्याग्दीले जनाएको छ ।

कार्यालय प्रमुख मनोज रानाभाटले विश्व वातावरण दिवसको अवसरमा औपचारिक रुपमा धार्मिक वन समुदायलाई हस्तान्तरण गरिएको जानकारी दिनुभयो । "नापचाँज, क्षेत्रफल पहिचान, विधान, कार्ययोजना र समूह दर्तालगायत सबै प्रक्रिया पूरा गरेर हस्तान्तरण गरेका हौँ", उहाँले भन्नुभयो, "वन विकास, जैविक विविधता र वातावरण संरक्षणसँगै धार्मिक पर्यटन विकास गर्ने उद्देश्यले धार्मिक वन बनाएका हौ ।" प्राचीन कालमा ऋषिमुनिले तपस्या गरेर ज्ञान आर्जन गरेको कैलाशफाँटमा शिव मन्दिर रहेको छ । म्याग्दी नदी किनारको शिव मन्दिर परिसरको बगर र सार्वजनिक जग्गा संरक्षण गरेर वृक्षरोपण गरेर वन बनाइएको समूहका अध्यक्ष छविलाल कँडेलले बताउनुभयो ।

वातावरण दिवसको अवसरमा वनमा १०८ पीपलका बिरुवा रोपिएको छ । घेराबार र संरक्षणका लागि डिभिजन वन कार्यालयले चालु आर्थिक वर्षमा रु तीन लाख सहयोग गरेको छ । एकै ठाउँमा १०८ वटा पीपलको बिरुवा भएको ठाउँमा पूजाआजा गरेमा मोक्ष प्राप्त हुने धार्मिक विश्वास छ ।

यसअघि स्थानीयवासी १०८ पीपलको पूजा गर्न बागलुङको बलेवा पुग्ने गरेका थिए । कैलाशफाँट धार्मिक वन जिल्लाको दोस्रो हो । यसअघि बेनी नगरपालिका-३ भकिम्लीमा धार्मिक वन समुदायलाई हस्तान्तरण गरिएको थियो । म्याग्दी जिल्लाभर ३१८ सामुदायिक वन उपभोक्तालाई हस्तान्तरण गरिएको सहायक वन अधिकृत चन्द्रमणि सापकोटाले बताउनुभयो ।

# नगरपालिकामा 'फ्रण्ट डेक्स' सञ्चालनको तयारी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ जेठ**

बागलुङ नगरपालिकाले सेवाग्राहीको सजिलोका लागि 'फ्रण्ट डेक्स' सञ्चालनको तयारी थालेको छ । नगरकार्यपालिकाको तेस्रो कार्यपालिका बैठकले आम नागरिकको सहजताका निम्ति 'फ्रण्ट डेक्स' सञ्चालन गर्ने निर्णय गरको हो । 'फ्रण्ट डेक्स' स्थापनासँगै नगरपालिका भित्र छिर्ने वित्तिकै कहाँ के गर्ने भनेर अब सेवाग्राही अलमलिनुपर्ने अवस्थाको अन्त्य हुने नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । नगरपालिकाबाट प्रदान हुने हरेक सेवालाई चुस्त दुरुस्त र यहाँ हुने वेथितिको अन्त्यका लागि डेक्स सञ्चालन गरिने श्रेष्ठको भनाइ छ । "यो डेक्स सञ्चालनसँगै यहाँ बस्ने कर्मचारीले सेवाग्राहीले कुन सेवा लिन आएको हो त्यो सबै बुझ्नेछन्, के के कागजात आवश्यक पर्ने छ, त्यसको बारेमा पनि जानकारी गराउनेछन्", श्रेष्ठले भन्नुभयो-"कुन कामलाई कति समय लाग्ने, कामको प्रकृति हेरेर कर्मचारीले सेवाग्राहीलाई जानकारी दिनेछन्, सेवाग्राहीलाई कुपन प्रदान गरिनेछ, तोकिएको समयमा काम सम्पन्न हुनेछ, प्रत्येक शाखा शाखामा धाउनुपर्ने छैन ।" सबै सेवाग्राहीलाई एउटै दृष्टिकोणले सेवा प्रदान गरिने उद्देश्यका साथ नगरपालिकाले नागरिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने निर्देशिका २०७९ नै निर्माण गरेर यो कामलाई अगाडि बढाएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले जानकारी दिनुभयो । 'फ्रण्ट डेक्स'मा एक अधिकृत, एका इन्जीनियर सहित पाँच जना कर्मचारी हुनेछन् र कुन शाखामा सम्बन्धीत काम हो उनिहरु मार्फत नै हुने उहाँले बताउनुभयो । सबै नागरिकलाई समान रुपमा सेवा प्रदान गर्नका निम्ती डेक्सको स्थापना गर्ने निर्णय गरिएको सापकोटाले जानकारी दिनुभयो । सेवा प्रवाह निर्देशिकालाई राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्ने उहाँले बताउनुभयो ।

# सेती नदी घाटबाट चार टिपर र एक्साभेटर नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
**दमौली, २३ जेठ**

तनहुँको भिमाद नगरपालिका-५ झकासघाटस्थित सेती नदी किनारबाट अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन गर्दै गर्दा प्रहरीले चार टिपर र एक एक्साभेटर नियन्त्रणमा लिएको छ । आज दिउँसो अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन गरिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय भिमादबाट खटिएको प्रहरी टोलीले ती सवारी साधन नियन्त्रणमा लिएको हो ।

लु१क ३८३७, लु१क ३८३८, लु१क ३८३९, लु१क ४०६६ नंको टिपर र अल्फाबेट नखुलेको ५९८ नंको एक्साभेटर नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि भिमाद नगरपालिकाको कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो ।


## विमा लेख हरायो

**गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः शोभाराम सुबेदी**

**ठेगानाः नारायणस्थान गा.वि.स. वाड नं. ७, बागलुङ**

**विमा लेख नं. ०६१०००७२६०**

**सम्पर्क : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**क्षेत्रीय कार्यालय पोखरा**

**फोनः ०६१-५२४४५०**





विश्व वातावरण दिवसको अवसरमा महिला तथा बालकल्याण कुञ्ज पोखरा-१३ कुँडहरले आइतबार आयोजना गरेको सचेतनामुलक र्‍याली तथा सरसफाइ कार्यक्रममा प्लेकार्ड सहित सहभागीहरु । तस्वीर : पोखरापत्र

# खाद्य डिभिजनद्वारा अनुगमन सुरु

**पोखरापत्र संवाददाता**
**दमौली, २३ जेठ (रासस)**

विश्व खाद्य स्वच्छता दिवसको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौलीले अनुगमन सुरु गरेको छ ।

'स्वच्छ सन्तुलित आहार, स्वस्थ जीवनको आधार' भन्ने मूल नाराका साथ साताव्यापीरुपमा मनाइने खाद्य स्वच्छता दिवसको अवसरमा कार्यालयले दमौलीमा सञ्चालित मिठाई पसल, आइसक्रिम उद्योग, खाजाघर र खाद्य उद्योगमा अनुगमन गरेको हो ।

कार्यालयले उद्योगलगायतमा अनुगमन गरेको डिभिजन प्रमुख प्रशान्त पोखेलले जानकारी दिनुभयो । अनुगमनका क्रममा खाद्य स्वच्छता कायम राख्न निर्देशन दिइएको छ । उहाँका अनुसार अनुगमनलाई निरन्तरता दिइनेछ। साथै अनुगमनका क्रममा खाद्य पदार्थ तार्न प्रयोग गरिने तेलको मापनसमेत गरिएको छ । टोटल पोलारी मिटरमा २० प्रतिशतभन्दा कम भएमा हरियो रङ, २० देखि २४ प्रतिशतसम्म भएमा पहेँलो रङ र २४ प्रतिशतभन्दा बढी भएमा रातो रङ देखाउनेछ । २० प्रतिशतभन्दा कम देखिएमा प्रयोग गर्न मिल्ने, २० देखि २४ प्रतिशत देखाएमा अन्तिम प्रयोग भनेर बुझ्नुपर्ने र २४ प्रतिशतभन्दा माथि देखिएमा प्रयोग गर्न नमिल्ने जनाइएको छ । यही जेठ २४ गते मनाइने खाद्य स्वच्छता दिवसको अवसरमा कार्यालयले विभिन्न माध्यमबाट असल खानपान प्रयोग गर्न सर्वसाधारणलाई सचेतना जगाउँदै आएको छ । हरेक दिन विभिन्न थरीका खानेकुरा खान, पर्याप्त मात्रामा फलफूल र हरियो सागपात खान, हरेक दिन दाल र गेडागुडी खान, दूध तथा दुग्धजन्य खानेकुरा खान, परम्परागत तथा स्थानीयस्तरमा पाइने पौष्टिक खाना खान, गर्भवती र स्तनपान गराउने आमाले थप पोषिलो खानेकुरा खान आग्रह गरिएको छ । कार्यालयले खाना सुरक्षितरुपले तयारी एवं बिक्री वितरण गर्न विभिन्न उपाय अपनाउन सचेत गराउँदै आएको छ । सरसफाइ राख्न, स्वच्छ पानी र खाद्यवस्तु मात्र प्रयोग गर्न, राम्ररी पकाउन, पकाएको र नपकाएको खाद्यवस्तुलाई छुट्टाछुट्टै राख्न र खानालाई सुरक्षित तापक्रमा राखी संरक्षण गर्न आग्रह गरिएको डिभिजन प्रमुख पोखेलले बताउनुभयो ।

दमौलीमा कार्यालय रहेको डिभिजनले तनहुँसहित गोरखा, लमजुङ र नवलपुरमा अनुगमन गर्दै आइरहेको छ । कार्यालयले अनुगमनका साथसाथै खाद्य स्वच्छता र गुणस्तर अभिवृद्धिसम्बन्धी गोष्ठि, वडास्तरमा सचेतना कार्यक्रम, होटल तथा रेष्टुराँको वर्गीकरण गर्दै आइरहेको छ । कार्यालयले उपभोग्य मिति समाप्त भएका वा हुन लागेका खाद्य पदार्थको सञ्चय तथा बिक्री वितरण नगर्न, बढी रङ्गीन, सडेगलेका, झिङ्गा भन्केका फोहर अस्थामा राखिएका खाद्य पदार्थ प्रयोग नगर्न, सडक पेटीमा खुला अवस्थामा राखी कुनै पनि खाद्य पदार्थ बिक्री वितरण नगर्न सम्बन्धित सबैलाई सचेतना जगाउँदै आएको छ ।

यसैगरी विश्व वातावरण दिवसको अवसरमा तनहुँका सबै स्थानीय तहमा वृक्षरोपण गरिएको छ । डिभिजन वन कार्यालय, सवडिभिजनवनकार्यालयलगायत सामुदायिक वनको सहभागितामा सबै स्थानीय तहमा वृक्षरोपण गरिएको हो । 'पृथ्वीको संरक्षण : दिगो प्रकृतिमैत्री जीवनयापन' भन्ने नारासहित विश्व वातावरण दिवसको अवसरमा विभिन्न प्रजातिका बिरुवा रोपिएको सवडिभिजन वन कार्यालय व्यासका प्रमुख एवं सहायक वन अधिकृत नारायण कोइरालाले जानकारी दिनुभयो ।

डिभिजन वन कार्यालय र अकला सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा उक्त वनमा चाप र तेजपातका बिरुवा रोपिएको छ। उहाँका अनुसार २५ चाप र ३५ तेजपातका बिरुवा रोपिएको छ । वृक्षरोपण गर्दै व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले बिरुवा रोप्नुका साथै संरक्षणमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

यसैगरी देवघाट गाउँपालिकास्थित तीनवटा सामुदायिक वनमा विभिन्न प्रजातिका २०० बिरुवा रोपिएको छ । कालिका सामुदायिक वन, चक्रवर्ती वन र सीता सामुदायिक वनमा बिरुवा रोपिएको छ । ऋषिङ गाउँपालिकास्थित शिशरामण्डली सामुदायिक वनमा खयर, सिसौ, बडहरको बिरुवा रोपिएको छ । खैरेनीटारस्थित श्री नम्बर ३ बाहिनी अड्डामा पनि सव डिभिजन वन कार्यालय शुक्लागण्डकीको सहयोगमा बिरुवा रोपिएको छ ।

जेसीआई व्यास नगरले व्यास-१ स्थित निर्मल माविमा पीपल, कपुरसहितका २५ थान बिरुवा रोपेको छ । जेसीआई भानुनगरले भानु-२ स्थिथ शहीद उद्यानमा विभिन्न प्रजातिका ४५ बिरुवा रोपण गरेको छ ।

# कृषि विश्वविद्यालयका एक सय विद्यार्थी इजरायल जाँदै

**रासस**
**चितवन, २३ जेठ**

कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयू)मा स्नातक तह अन्तिम वर्षमा अध्ययनरत एक सय विद्यार्थी इजरायल जाने भएका छन् । एएफयू र इजरायलको रामत नेगभ इन्टरनेस्नल ट्रेडिङ सेन्टरको सहकार्यमा यहाँका विद्यार्थी पठाउन लागिएको हो ।

विश्वबिद्यालयले छनोट समिति बनाएर इजरायल जाने विद्यार्थी छनोट गरेको हो । विश्वविद्यालयका योजना निर्देशक एवं छनोट समितिका सदस्य सचिव डा शिवचन्द्र ढकालका अनुसार एग्रिकल्चर वर्क-स्टडी कार्यक्रमअन्तर्गत इजरायल जानका लागि विद्यार्थी छनोट भएका हुन् । विद्यार्थीलाई इजरायल पठाउन विश्वविद्यालयका सङ्काय तथा आङ्गिक क्याम्पसमा अध्ययनरत विद्यार्थीबाट आवेदन माग गरिएको थियो । ढकालका अनुसार कार्यक्रममा सहभागी हुन २७३ जना विद्यार्थीले आवेदन दिएका थिए । त्यसमध्ये १६८ जना विद्यार्थी गोलाप्रथाको माध्यमबाट अन्तर्वार्ताका लागि छनोट भएका थिए ।

तीमध्ये अन्तवार्तामा सहभागी १२५ जनाबाट एक सय छनोट गरी २५ जनालाई बैकल्पिकमा राखिएको छ । नेपालका लागि इजरायलका राजदूत हनान गोडर र इजरायलका लागि नेपालका राजदूत डा कान्ता रिजालको उपस्थितिमा विद्यार्थीको अन्तर्वार्ता लिइएको थियो । ती विद्यार्थी ११ महिना इजरायल बस्ने छन् । त्यहाँ रहँदा पाँच दिन काम, एक दिन अध्ययन र एक दिन बिदा पाउने गरी सम्झौता भएको छ । काम गरेबापत एक जना विद्यार्थीले रु १२ लाख हाराहारी रकमसँगै प्रविधि र सिप लिएर आउने विश्वविद्यालयको अपेक्षा रहेको छ ।

विश्वविद्यालयका उपकुलपति प्रा डा पुण्यप्रसाद रेग्मीका अनुसार त्यहाँ सिकेको सीप र रकम लिएर फर्कने विद्यार्थी यहाँ आएपछि एकल र समूहगत रुपमा काम गर्न सक्नेछन् । स्नातक अन्तिम वर्षको परीक्षा दिएर जाने ती विद्यार्थीले फर्किएपछि मात्र विश्वविद्यालयबाट शैक्षिक प्रमाणपत्र पाउने छन् । विद्यार्थी त्यहाँ नबसुन् भन्नका लागि शैक्षिक प्रमाणपत्र विश्वविद्यालयले रोकेर राख्न लागेको हो ।

कृषि शिक्षातर्फ आकर्षण घट्न नपाओस् भन्नका लागि यो कार्यक्रम अघि बढाइएको उहाँ बताउनुहुन्छ । पहिलो पटक विश्वविद्यालयले यो कार्यक्रम गर्न लागेको हो । साउनको अन्तिम सातासम्ममा विद्यार्थी जाने गरि तयारी गरिएको छ ।

